# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जामुनबारी, झापा
### १. नं. प्रदेश, नेपाल

पत्र सं :- २०७५।०७६
चलानी नं : - ४८९

फोन नं.०२३-४०११११
४०११५५
मिति : २०७५।०६।०५

सूचना सूचना सूचना

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ खारेज भई सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ मिति २०७५।०४।२३ देखि लागु भएको सन्दर्भमा सम्पुर्ण सम्बद्द पक्षहरुको लागि यो सूचना जारी गरिएको छ ।

नयाँ कार्यविधिको परिच्छेद ३ को उपदफा २ मा, **"नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा नेपाल सरकारसँग सम्बन्ध स्थापित भएका मित्र राष्ट्र वा तीनका निकायवाट मासिक रुपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले समाजिक सुरक्षा भत्ता पाउने छैनन्"** र सोही परिच्छेदको उपदफा ३ मा, **"उपदफा १ मा जेसुकै कुरा लेखिएको भए तापनि कुनै बालबालिकाको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएका वा कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेको भएमा यो भत्ता प्राप्त हुने छैन"** भनि उल्लेख भएनुसार वडामा यस प्रकारका सेवा सुविधा पाईरहेका र अव पाउने भनि लगत कायम भएका सामाजिक सुरक्षा भत्ता लाभग्राहिहरुले अव उप्रान्त सामाजिक सुरक्ष भत्ता प्राप्त गर्न नमिल्ने हुदाँ ती लाभग्राहीहरुले आफ्नो वडामा स्वयम् उपस्थीत भई वा परिवारका सदस्यहरुलाई पठाई वा सदस्यहरु मार्फत जानकारी गराई आफ्नो लगत कट्टा गर्नुहुन जानकारी गराइन्छ ।

यो सूचनालाई बेवास्ता गरी सामाजिक सुरक्षा भत्ता लाभग्राहीले भविष्यमा भत्ता प्राप्त गर्ने उद्देश्यले वडा कार्यालयमा लगत कट्टा गराउन नाम उपलब्ध नगराई भविष्यमा यस कार्यविधिको प्रतिकुल हुने गरी भत्ता प्राप्त गरेमा वा गराएमा कानून बमोजिम हुनेछ साथै भत्ता रकम समेत सम्बन्धित पक्षसँग असुल उपर गरिनेछ ।

..................................
(देवेन्द्र कार्की)
प्रमुख प्रशासकीय अधिकृत